## गरुडा नगरपालिका

# स्थानीय राजपत्र

**गरुडा नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः १, संख्या : १, मिति : २०७९/११/१२**


# भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गरुडा नगरपालिकाको नगर सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

### वि.सं. २०७९ सालको ऐन नं. १

## गरुडा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७९

**प्रमाणीकरण मिति : २०७९।११।१२**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गरुडा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

नगर कार्यपालिका कार्यालय

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "गरुडा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन गरुडा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले गरुडा नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०७९ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गरुडा नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले गरुडा नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठन भएको गरुडा नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गरुडा नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही गरुडा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय